मन्त्रालय(मा.मन्त्रीस्तरीय) बाट स्वीकृत मिति : २०७७/६/१२

## ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्न स्थानीय तहको छनौट तथा केन्द्र संचालन सम्बन्धी मापदण्ड, २०७७

<u>प्रस्तावना:</u> नेपाल सरकारको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा "अन्तरपुस्ता ज्ञान, अनुभव र सीप हस्तान्तरणका लागि स्थानीय तहको सहभागितामा ज्येष्ठ नागरिक मिलन केन्द्रहरुलाई व्यवस्थित र विस्तार गर्ने नीति तथा कार्यक्रम अनुरुप महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आर्थिक वर्ष २०७७/७८ को वार्षिक कार्यक्रममा संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण तथा संचालन कार्यक्रम समावेश भएकोमा नेपालका विभिन्न स्थानीय तह छनौट गर्न तथा केन्द्र संचालन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको मापदण्ड बनाएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्न स्थानीय तहको छनौट तथा केन्द्र संचालन सम्बन्धी मापदण्ड,२०७७" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:–

(क) "केन्द्र" भन्नाले ज्येष्ठ नागरिक मिलन केन्द्र सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम खर्च" भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ।

(ग) "प्रशासनिक खर्च" भन्नाले सेवा महसुल तथा भाडा, कार्यालय सामानजस्ता चालु खर्च सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले नेपाल राज्य भित्र रहेका सात प्रदेश सरकार सम्झनु पर्छ ।

(ङ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशका सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

### परिच्छेद - २
### <u>उद्देश्य</u>

३. <u>उद्देश्यः</u> केन्द्र संचालन गर्नुका उद्देश्यहरु देहाय बमोजिम हुनेछन्:-

(क) दिनको समयमा ज्येष्ठ नागरिकहरुको भेटघाट गर्ने अवसर जुटाईदिनु,

(ख) सीमित श्रोत र साधनबाट बढी भन्दा बढी ज्येष्ठ नागरिकलाई समेट्नु,

(ग) ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप, अनुभवहरु एकअर्कामा आदन–प्रदान एवं युवापुस्तामा हस्तान्तरण हुने वातावरण बनाउनु,

(घ) ज्येष्ठ नागरिकमा हुन सक्ने सक्ने नैराश्यता तथा एक्लोपनको महशुसलाई कम गर्नु,

(ङ) ज्येष्ठ नागरिकप्रति सम्मान गर्दै राज्यले अभिभाबकत्व ग्रहण गरि कार्यक्रमहरु कार्यान्वयनमा ल्याउनु,

(च) ज्येष्ठ नागरिकले आफूसँग भएको सीपको उपयोग गरी कुनै सामानको उत्पादन/निर्माण गर्न/बिक्रि वितरण गर्न चाहेमा त्यसको लागि उत्पादन/निर्माण कक्ष उपलब्ध गराउनु,

(छ) ज्येष्ठ नागरिकद्वारा उत्पादित सामाग्री/प्रकाशित पुस्तक आदिको विक्री वितरणको लागि विक्री कक्ष उपलब्ध गराउनु ।

परिच्छेद- ३

केन्द्र निर्माण तथा संचालनको प्रकृया

४. केन्द्र निर्माण संचालनः (१) केन्द्र निर्माण तथा संचालन संघ, प्रदेश तथा स्थानीय तहको समन्वय र साझेदारीमा केन्द्र निर्मार्ण तथा संचालन देहाय बमोजिम हुनेछ।

(२) केन्द्र निर्माण तथा संचालनका लागि यो मापदण्ड बमोजिम प्रदेश सरकार सामाजिक बिकास मन्त्रालय मार्फत स्थानीय तहसंग प्रस्ताव माग गरिनेछ र सो को सूचना मन्त्रालयको वेभसाइटमा प्रकाशन गरिनेछ ।

५. केन्द्र निर्माण सम्बन्धी व्यवस्थाः (१) केन्द्र संचालनका लागि उपयुक्त भौतिक संरचना उपलब्ध हुन नसक्ने तर केन्द्र निर्माण तथा संचालनमा साझेदारी गर्न चाहने स्थानीय तहले केन्द्र निर्माणका लागि प्रदेश सामाजिक बिकास मन्त्रालय मार्फत मन्त्रालयमा प्रस्ताव पेश गर्नुपर्नेछ।

६. केन्द्र निर्माणका लागि प्रस्ताव पेश गर्दा देहाय बमोजिमको कागजात सहित पेश गर्नुपर्नेछः-

(क) केन्द्र निर्माणका लागि स्थानीय तहको कार्यपालिका बाट लगानी गर्न गरेको प्रतिबद्दता,

(ख) केन्द्र निर्माणका लागि जग्गा प्राप्तिको विवरण,

(ग) केन्द्रको बिस्तृत परियोजना प्रतिबेदन वा बिस्तृत लागत अनुमान,

(घ) केन्द्र संचालनको निरन्तरताका लागि समुदायको प्रतिबद्दता भए सो को विवरण,

(ङ) केन्द्र निर्माण तथा संचालनका लागि स्रोत व्यवस्थापनको विवरण।

७. केन्द्र संचालनः (१) केन्द्र स्थापना भएपछि निरन्तर रुपमा संचालन हुनेगरी स्थानीय तहले केन्द्रको अपनत्व लिनुपर्नेछ ।

(२) सबै स्थानीय तहमा केन्द्र स्थापना नहुन्जेलसम्म यस कार्यक्रमलाई केन्द्र निर्माण तथा केन्द्र संचालन गरी दुई खण्डमा वर्गिकरण गरिनेछ ।

(३) केन्द्र संचालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) केन्द्र संचालनका लागि निर्मित भौतिक संरचना उपलब्ध भएको अवस्थामा स्थानीय तहले संचालन खर्च सम्बन्धी प्रस्ताव प्रदेश सामाजिक बिकास मन्त्रालयमा पठाउनु पर्नेछ।

(ख) केन्द्र संचालन साझेदारीका लागि प्रस्ताब भइ आएमा प्रदेश सामाजिक बिकास मन्त्रालयले सबै जिल्लाका कम्तिमा एक स्थानीय तह पर्ने गरी छनौट गरी मन्त्रालयमा पठाउनु पर्नेछ। मन्त्रालयमा यसरी प्राप्त हुने प्रस्ताब कार्यन्वयन गर्न एक स्थानीय तहमा मन्त्रालयबाट बढीमा रु २ लाख सम्म साझेदारी गर्न सकिनेछ।

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

२०७६।०६।११

(४) केन्द्र क्रमश सबै स्थानीय तहमा निर्माण तथा संचालन गर्न सकिनेछ। यस आर्थिक बर्षमा प्रदेश सामाजिक विकास मन्त्रालयको छनौट तथा सिफारिसमा प्रत्येक प्रदेशबाट कम्तिमा ५ वटा गरी ३५ स्थानीय तहमा निर्माणका लागि साझेदारी गरिनेछ ।

(५) केन्द्र निर्माणका लागि यस आ.व.मा प्रत्येक स्थानीय तहलाई लागत अनुमान हेरी मन्त्रालयबाट कम्तिमा रु ५ लाख देखि बढीमा रु दश लाख सम्म साझेदारी गर्न सकिनेछ ।

८. प्रदेश सामाजिक विकास मन्त्रालयले प्राप्त प्रस्तावहरु मध्ये देहायका आधारमा प्राथमिकीकरण गरी केन्द्र निर्माण तथा संचालन गर्न सिफारिस गरी मन्त्रालयमा पठाउनु पर्नेछ :–

(क) ज्येष्ठ नागरिकको संख्या धेरै भएको तथा पायक पर्ने स्थान छनौट भएको,

(ख) केन्द्र संचालनको हकमा ज्येष्ठ नागरिक बस्ने स्थानमा भौतिक सेवा सुविधा उपलब्ध भएको,

(ग) ज्येष्ठ नागरिकको सम्मान, स्वास्थ्य र सुरक्षामा केन्द्रित रही मिलन केन्द्र संचालन गरिएको,

(घ) निर्माणको हकमा जग्गा उपलब्ध भएको तथा बिस्तृत परियोजना प्रतिबेदन तयार भएको,

(ङ) समुदाय वा सरोकारवाला संस्थाले योगदान गर्न सक्ने,

(च) यस अघि मिलन केन्द्र हरु निर्माण तथा संचालन नभएको,

(छ) बढी लगानी गर्ने स्थानीय तह।

९. स्थानीय तहले ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थान छनौट गर्दा देहायका बमोजिमका आधारहरुमा अवलम्बन गर्नुपर्नेछ :–

(क) ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र दैवीप्रकोप तथा आपतकालीन अवस्थामा उद्धार तथा दैनिक रुपमा सवारी साधन, एम्वुलेन्स, दमकलका सेवाहरुको सहज पहुँच भएको,

(ख) विजुली, पानी र टेलिफोनको सुविधा भएको,

(ग) प्राकृतिक मनोरम तथा खुला स्थल भएको,

(घ) प्राकृतिक प्रकोपवाट सुरक्षित स्थल भएको,

(घ) केन्द्र स्थापना गरिएको स्थलवाट कम्तिमा ५ कि.मि.भित्र स्वास्थ्य सेवा उपलब्ध हुन सक्ने व्यवस्था भएको,

(ग) सम्भव भएसम्म नजिकमा धार्मिक आस्थाका पवित्र तीर्थस्थल, नदी, मन्दिर आदि भएको ।

## परिच्छेद – ४

## काम, कर्तव्य र अधिकार

१०. **स्थानीय तहको जिम्मेवारी**: केन्द्र संचालन सम्बन्धमा स्थानीय तहले देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछः–

(क) ज्येष्ठ नागरिकहरुको रुची र चाहना अनुसार सामाजिक, सांस्कृतिक, भौगोलिक धार्मिक तथा साहित्यिक पुस्तक, गीत, कविता, कथा, भजन सम्बन्धी पुस्तकहरुको व्यवस्था मिलाउने,

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

Dahal २०७६।०६।१९

(ख) वाद्यवादनका सामग्रीहरु (मादल, हारमोनियम, खैंजडी, तवला इत्यादि) को व्यवस्था गर्ने,

(ग) केन्द्रमा बस्ने व्यवस्थाका लागि चकटी, कुर्सी, कार्पेट आदिको व्यवस्था गर्ने,

(घ) दिउँसोको समयमा खाजा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउने,

(ङ) मनोरञ्जनका लागि टेलिभिजन, मौसम अनुसार हिटर र पंखाको व्यवस्था गर्ने,

(च) ज्येष्ठ नागरिकहरुको आकस्मिक स्वास्थ्योपचारका लागि आवश्यक औषधीको व्यवस्था गर्ने,

(छ) ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई पुस्ता हस्तान्तरण गर्ने जस्ता विषयहरुमा प्रवचन/अन्तर्क्रियात्मक कार्यक्रमहरु संचालन गर्ने र सोको अभिलेख राख्ने,

(ज) खर्च भएर नजाने जिन्सी सामानहरु एक पटक खरिद गरेपछि पटक, पटक खरिद गर्न नपाइने,

(झ) ज्येष्ठ नागरिकहरुका लागि उपयुक्त खेल सामाग्री र खेलकूद स्थलको व्यवस्था मिलाउने,

(ञ) योग, ध्यान, प्रार्थना जस्ता क्रियाकलापहरु गर्ने स्थानको व्यवस्था मिलाउने ।

११. <u>काम कर्तव्य र अधिकार</u>: सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जेष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा संचालनको लागि उपयुक्त स्थान/भवनको व्यवस्था सम्बन्धित स्थानीय तहले गर्नु पर्दछ,

(ख) सम्बन्धित स्थानीय तहले निर्धारण गरेको नीति, कार्यक्रम र मापदण्डको आधारमा सञ्चालन गर्न सहयोग गर्नु,

(ग) ज्येष्ठ नागरिक मिलन केन्द्रमा आउने ज्येष्ठ नागरिकलाई पुर्‍याउनु पर्ने सेवा र सहजताको लागि आन्तरिक व्यवस्थापन र स्थानीय तहको समन्वय र सहकार्यमा थप व्यवस्था गर्न स्थानीय तहलाई सहयोग गर्ने,

(घ) केन्द्रमा भएको भौतिक तथा अन्य सामग्रीको संरक्षण र सही उपयोग गर्न व्यवस्था मिलाउने,

(ङ) कुनै प्रकारको समस्या तथा अप्ठ्यारो परिस्थिति आईपरेमा सम्बन्धित निकाय (नगरपालिका/गाउँपालिका, सुरक्षा निकाय र आवश्यकतानुसार अन्य निकाय) मा सम्पर्क र समन्वय गरी समस्या समाधान गर्ने,

(च) सम्बन्धित स्थानीय तहबाट रकम प्राप्त गर्ने र प्राप्त रकम केन्द्रको लागि आवश्यक कार्यमा प्रचलित ऐन कानून बमोजिम खर्च गर्ने,

(छ) खर्चको अभिलेख राख्ने,

(ज) खर्च तथा काम कारवाहीको प्रतिवेदन तयार गर्ने ।

## परिच्छेद – ५

## <u>खर्च प्रक्रिया, अनुगमन मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था</u>

१२. <u>खर्च सम्बन्धी शर्त</u>: मन्त्रालयबाट प्राप्त रकम खर्च गर्दा प्रचलित कानूनको अधिनमा रही देहाय बमोजिम खर्च गर्नुपर्नेछः-

(क) स्थानीय तहले वार्षिक प्रगति विवरण सम्बन्धित प्रदेश तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(ख) यस मापदण्ड बमोजिम मन्त्रालयबाट जुन उद्देश्यको लागि रकम उपलब्ध गराइएको हो सोही उद्देश्यका लागि मात्र उपयोग गर्नु पर्नेछ ।

(ग) यस मापदण्ड बमोजिम निकासा हुने रकमको भुक्तानी अवधि चालु आ.व. भित्र हुनेछ ।

(घ) रकम निकासा मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनेछ ।

१३. अनुगमन सम्बन्धी व्यवस्थाः यस मापदण्ड बमोजिम संचालित कार्यक्रमको अनुगमन सम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र मन्त्रालयबाट गर्नुपर्नेछ।

१४. लेखा परीक्षणः सम्बन्धित स्थानीय तहले प्रचलित कानुन बमोजिम महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनु पर्नेछ।

## परिच्छेद – ६

## विविध

१५. बाधा अड्काउ फुकाउने अधिकारः यस मापदण्डमा उल्लेख भएका कुनै विषयमा द्विविधा उत्पन्न भए वा कुनै बाधा उत्पन्न भए बाधा फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ

१६. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

Dahal